## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६४/१०/२५ गते शुक्रवार देखि २०६४/११/२ गते विहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ६७ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार ३८०१ कारोवारबाट ८२ करोड ८० लाख ९७ हजार रुपैयाँ बराबरका १० लाख ५८ हजार  कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ४.४८ गुणा बढी हो । गत साता १९६८ शेयर कारोवारबाट १५ करोड १० लाख ६९ हजार ९ सय रुपैयाँ बराबरका २ लाख २८ हजार ५ सय ५७ कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र ३५ करोड ९८ लाख रुपैयाँ बराबरको कारोवार भएको छ। यो कुल कारोबारको ४३.४५ प्रतिशत हो।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १९.१५ अंकले बढी अन्तिम दिन ७९५.८९ विन्दुमा पुगेको छ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७७१.८५ | ३६०.९६ | ४१२.०२ | ८१८.१२ | ११७४.१८ | १६२.३२ | ८०८.४८ | ९२४.५५ | ११०८.८२ | ७७६.७४ | १९७.२३ |
| दोस्रो | ८००.७७ | ३६०.९६ | ४१३.५६ | ८१८.१२ | १२२१.२८ | १६२.३२ | ८०८.४८ | ९५८.५४ | ११२०.२० | ८०२.०३ | २०५.१६ |
| तेस्रो | ८१७.६३ | ३६०.९६ | ४१३.५६ | ८१८.१२ | १२५७.६१ | १६२.३२ | ८०८.४८ | ९५२.१७ | ११०६.९० | ८१४.४३ | २०९.५८ |
| चौथो | ८१०.३९ | ३८५.४० | ४१३.५६ | ८१७.४७ | १२४९.८६ | १६२.३२ | ८०३.३६ | ९५३.२३ | १०९५.७३ | ८०९.९१ | २०८.०५ |
| पाँचौं | ७९०.६२ | ३८५.४० | ४१३.५६ | ८१७.४७ | १२५७.२४ | १६२.३२ | ८०३.३६ | ९५३.०४ | १०६७.३१ | ७९५.८९ | २०४.०५ |
| परिवर्तन (अंकमा) | -१७.८९ | २४.४४ | १.५४ | -०.६५ | ८३.०६ | ०.०० | -५.१२ | २८.४९ | -४१.५१ | -१९.१५ | ६.८२ |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स ६.८२ अंकले बढेर २०४.०५ अंकमा आईपुगेको छ।

यस साता कारोबार रकम (३० करोड ९९ लाख रुपैयाँ) तथा शेयर संख्या  (४ लाख २९ हजार कित्ता), को आधारमा बोटलर्स नेपाल र कारोवार संख्या (१६८५) को आधारमा आईसीएफसी अग्रस्थानमा रहेको छ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | बोटलर्स नेपाल लिमिटेड | ३०९.९९ |
| २ | नेशनल हाइड्रो पावर कम्पनी | ८२.७२ |
| ३ | माछापुच्छ्रे वैंक | ८०.६९ |
| ४ | वैंक अफ काठमाण्डू | ४८.४९ |
| ५ | सिद्धार्थ वैंक | ३४.४२ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि सरकारी तथा संस्थागत ऋणपत्र तर्फ कुनै पनि कारोवार भएन ।